# खानीखोला गाउँपालिकाको तेस्रो गाउँ सभाको विशेष प्रस्ताव तथा नीतिगत निर्णयहरू

१. आकस्मिक र विशेष परिस्थिति सिर्जना भई कुनै निर्णय गर्नु परेमा बजेट तथा नीतिगत प्रस्तावमा परिमार्जन वा संशोधन गर्नुपर्ने भएमा गाउँ कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२. गाउँपालिकामा हुने गाउँसभा बैठक, गाउँ कार्यपालिका बैठक, समितिका बैठक एवं अन्य बैठकहरू बस्दा सहभागी पदाधिकारी तथा अन्य कर्मचारीको लागि मासिक वढीमा २ वटा वैठकको प्रति बैठक भत्ता वापत रु.१५००।०० तोक्ने निर्णय गरियो ।

३. महाभूकम्प २०७२ वैशाख १२ र २९ त्यसपछिको पटक पटकको पराकम्पनले ध्वस्त रहेको नीजि आवास निर्माणको लागि लाभग्राहीको सूचीमा छुटेका साथै पूर्ण क्षति भएर पनि वस्न योग्य घर भनि कायम भएका भूकम्प पिडितलाई लाभग्राहीको सूचीमा राख्न थप आवश्यक पहल गर्ने ।

४. खानीखोला गाउँपालिका काभ्रे जिल्लाको अति विकट गाउँपालिका, जटिल भूगोल, शैक्षिक, सामाजिक एवं आर्थिक हिसावले अत्यन्त कमजोर भएकोले यस गाउँपालिका विशेष क्षेत्र घोषणाको लागि संघीय सरकार र प्रदेश सरकारसँग अनुरोध गर्दै केन्द्र तथा प्रदेश सरकार मार्फत विशेष वजेट विनियोजन गरि दिन अनुरोध गर्ने निर्णय गरियो ।

५. नेपाल सरकार संघीय सांसद माननीय श्री गंगा ब. तामाङ (वमध्वज) ज्यू लाई आफ्नो निर्वाचन क्षेत्र विकास कार्यक्रमवाट ५ योजना मध्ये १ योजना च्याल्टी फलामेटार ताल्ढुंगा सडक (च्याल्टी देखी दयाँगाउ सम्म) सडक स्तरोन्नति गर्न आवश्यक वजेट विनियोजनको लागि माग गर्ने निर्णय गरियो ।

६. खानीखोला गाउँपालिका अन्तर्गत साविकको गा.वि.स.मा भए गरेका योजना तथा कार्यक्रमको म.ले.प. प्रतिवेदन माथि आवश्यक छलफल गरी म.ले.प.वाट प्राप्त सुझाव अनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्दा वाँकी देखिएको पेश्की वेरुजु